# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन,
वागमती प्रदेश, नेपाल
## BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bhratpur, Chitwan, Nepal

प.सं. ०८०/०८१
च.नं. ४४२५

मितिः २०८०/१०/२५
ने.स.११४४ पोहेलागा, १३ विहीवार

श्री वडा कार्यालय सवै (१ देखि २९)
भरतपुर महानगरपालिका
भरतपुर, चितवन।

विषयः अभिलेख अद्यावधिक गरी कर अशुल गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा, भरतपुर महानगरपालिका र मातहतका २९ वटै वडा कार्यालयहरुवाट सम्पत्ति कर र मालपोत तथा भूमिकर प्रयोजनका लागि करदाताहरुले विवरण पेश गर्दाको समयमा भन्दा हाल महानगरपालिका क्षेत्र भित्रका अधिकाम्श सडकहरु पिच भएको र घरधुरी सँख्या पनि दिनानुदिन बढ्दै गएको अवस्था वडाको प्रोफाइल लगायतका विभिन्न तथ्याङ्कवाट स्पष्ट देखिन्छ। तसर्थ करदाताले पेश गरेको घर तथा जग्गाको अभिलेखमा परिवर्तन भएको तर कर असुल गर्दा अभिलेखमा अद्यावधिक नगरी कर असुल गर्ने गरेको देखिएकोले हाल संकलन भएको राजस्व यथार्थ मान्न नसकिने जनाई आ.व. ०७९/८० को अन्तिम लेखा परीक्षणको क्रममा सैद्धान्तिक बेरुजु देखिएकोले २९ वटै वडा कार्यालयवाट सम्पत्ति कर मालपोत तथा भूमी कर अशुली गर्दा भवनको हकमा भवन संख्या र भवनको तला विवरण साथै भवनको आकार, प्रकार र बनौटको प्रकृति अद्यावधिक गर्ने र जग्गाको हकमा उक्त जग्गालाई छोएको सडकको प्रकार (पिच, ग्राभेल र अन्य) अद्यावधिक गरे पछिमात्र कर असुल गर्नु गराउनु हुन अनुरोध छ ।साथै वडा कार्यालयवाट करसँग सम्बन्धित कुनै पनि प्रकारका सूचनाहरु सम्प्रेषण गर्दा वडाको फेसवुक, भाइवर लगायतका सामाजिक सञ्जालमा आवद्ध गराई वडामा क्रियाशिल रहेका टोल विकास संस्थाहरुलाई समेत जानकारी हुनेगरी व्यवस्था मिलाउनुहुन समेत जानकारी गराइन्छ ।

२०८०।१०।२५
रमेश जोशी
अधिकृतस्तर सातौ
अधिकृत स्तर सातौं

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषदबाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned with CamScanner